बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)


खण्ड १ | बर्ष ५ | अंक १२ | मिति : जेठ २८ गते २०७८


**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## भाग -२

# बुद्धभूमि वासी छात्रा प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७८

कार्यपालिकाबाट पारित मिति २०७८।०२।२१

**प्रस्तावना :**

शिक्षा एक आधारभूत मौलिक हकको रूपमा रहेको छ। प्राविधिक शिक्षामा खास गरी बुद्धभूमि नगरपालिकाका लक्षित (थारू/मधेशी/अत्यन्त न्यून आर्थिक अवस्था भएका र जेहेन्दार) छात्राहरूको पहुँच बढाई गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गरी प्रोत्साहन गर्न आवश्यक रहेको देखिन्छ। अत: प्राविधिक शिक्षाको ३ वर्षे डिप्लोमा तहका विभिन्न विषयमा अध्ययन गर्ने थारू/मधेशी/ अति बिपन्न तथा जेहेन्दार छात्राहरूलाई प्रोत्साहन गर्न प्राविधिक अध्ययन छात्रवृत्तिको वितरण गर्न वाञ्छनीय देखिएकोले बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि २०७८ जारी गरी लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यो कार्यविधिको नाम **"प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७८"** रहेको छ।

ख) यो कार्यविधि बुद्धभूमि नगर राजपत्रमा प्रकशन भए पश्चात तत्काल प्रारम्भ हुनेछ।

२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "कार्यविधि" भन्नाले प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७८ लाई सम्झनु पर्दछ।

ख) "नगरपालिका" भन्नाले बुद्धभूमि नगरपालिका, कपिलवस्तुलाई सम्झनु पर्दछ।

ग) "प्राविधिक शिक्षा" भन्नाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद

(CTEVT) बाट अनुमति लिइ सञ्चालित कृषि/पशु/आयुर्वेद/इन्जिनियरिङ्ग/नापी/ पारामेडिकल तर्फ अध्ययनरत थारू/मधेशी /अत्यन्त न्यून आर्थिक अवस्था र जेहेन्दार प्रति वडा कम्तीमा १ जना छात्रा हुनेछ ।

घ) शिक्षा,युवा तथा खेलकुद शाखा भन्नाले बुद्धभूमि नगर कार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

ङ) "प्राविधिक शिक्षालय" भन्नाले नेपाल भित्र बाली विज्ञान/पशु/आयुर्वेद/इन्जिनियरिङ्ग/ नापी/ पारामेडिकल तर्फका प्राविधिक शिक्षा अध्यापन हुने शैक्षिक संस्थालाई सम्झनु पर्दछ ।

च) "छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले यसै कार्यविधिको दफा ११ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

छ) "छात्रवृत्ति" भन्नाले तोकिएको सूचकका आधारमा छनौट भएका छात्राहरूलाई प्राविधिक शिक्षा अध्ययनका लागि नगरपालिकाले उपलब्ध गराउने बार्षिक मौद्रिक सुविधालाई जनाउँछ ।

३. प्राविधिक शिक्षा छात्रवृत्ति वितरण गर्नुको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

क) बुद्धभूमि नगरपालिकाका थारू/मधेशी अत्यन्त न्यून आर्थिक अवस्था भएका जेहेन्दार छात्राहरूमा प्राविधिक शिक्षाको पहुँच स्थापित गर्ने ।

ख) बुद्धभूमि नगरपालिकाको महत्वपूर्ण रूपमा रहेको कृषि/पशु/ आयुर्वेद/ इन्जिनियरिङ्ग / नापी / पारामेडिकल क्षेत्रको लागि आवश्यक प्राविधिक जनशक्ति तयार गरी तत् तत् क्षेत्रमा व्यावसायिकता र आत्मनिर्भरता वृद्धि गर्ने ।

ग) प्राविधिक शिक्षालयहरूमा आर्थिक आभावका कारण प्राविधिक शिक्षा अध्ययनको अवसर नपाएका विद्यार्थीहरूलाई अध्ययनको अवसर प्रदान गर्नु ।

घ) प्राविधिक शिक्षामा विद्यार्थीको आकर्षण बढाई छात्राहरूलाई आत्मनिर्भर बनाउनु ।

## परिच्छेद - २

## छात्रवृत्तिका लागि समावेश गरिएको विषय क्षेत्र तथा लक्षित समूह :

४. यो छात्रवृत्ति निम्न अनुसारका डिप्लोमा तहका ३ (तीन) वर्षे प्राविधिक विषय अध्ययन

गर्ने विद्यार्थीहरूका लागि मात्र उपलब्ध गराइनेछ ।

क) बाली विज्ञान / पशु प्राविधिक /अमिन /आयुर्वेद /डिप्लोमा इन्जिनियरिङ्ग / पारामेडिकल ।

५. बुद्धभूमि नगरपालिका भित्र स्थायी रूपमा बसोबास गरी बुद्धभूमि भित्र वा बाहिर अन्यत्र जहाँ सुकै प्राविधिक शिक्षालयमा माथि उल्लेख गरिएका विषय क्षेत्रहरूमा अध्ययन गरि रहेका नगरपालिका भित्र स्थायी बसोबास गर्ने तोकिएको संख्याका छात्राहरू यस छात्रवृत्तिका लक्षित समूह रहेका छन ।

## परिच्छेद - ३

**छात्रवृत्तिका लाभग्राही विद्यार्थी छनोट निरन्तरताका आधार तथा सर्तहरू :**

६. यो छात्रवृत्ति वितरणका लागि निम्न आधारहरू अपनाइनेछ ।

क) CTEVT बाट सम्बन्धन प्राप्त भइ सञ्चालित प्राविधिक शिक्षामा उल्लेखित तह र विषयको प्रवेश परीक्षा उत्तीर्ण गरी सोही शिक्षालयमा भर्ना भइ नियमित अध्ययन गरिरहेको हुनुपर्ने वा बुद्धभूमि नगरपालिकाको स्थायी बासिन्दा भइ उल्लेखित तह र विषयको अध्ययन गर्ने ।

ख) छात्रवृत्तिको लागि निवेदन दिएको बर्ष अन्य कुनै सरकारी छात्रवृत्ति नपाएको भनि अध्ययनरत शिक्षालयले सिफारिस गरेको हुनुपर्ने ।

ग) बुद्धभूमि नगरपालिकाको स्थायी बासिन्दा तथा लक्षित वर्ग (थारू/मधेशी/अत्यन्त न्यून आर्थिक अवस्था भएका जेहेन्दार) को विद्यार्थी हो भनि सम्बन्धित वडाको शिक्षा समितिको बैठकबाट भएको सिफारिस संलग्न हुनु पर्ने । सम्बन्धित वडा शिक्षा समितिले सिफारिस गर्दा देहाएका आधारहरू लिनुपर्ने ।

१. एकल महिला घरमूली/अपाङगता भएका व्यक्ति घरमूली भएको घरको छात्रालाई प्राथमिकता दिने ।

२. अभिभावकको स्थायी जागिर/व्यवसाय गरी दिगो आम्दानी हुने प्रकृतिको कार्यमा संलग्न

नरहेको लागि प्राथमिकता दिने ।

३. उच्च अनुशासन असल आचरण भएको तथा बाल विवाह नगरेको हुनपर्ने ।

४. नगरपालिकाबाट जारी हुने सूचना बमोजिम वडा कार्यालयमा निवेदन दिन सक्ने र वडा शिक्षा समितिबाट SEE को GPA समेत लाई आधार लिई सिफारिस भई आएपछि नगरस्तरीय समितिबाट यकिन भएपछि मात्र ग्राहृय हुनेछ । आगामी आ.व. मा दोस्रो वर्षका लागि डिप्लोमा प्रथम वर्ष र तेस्रो वर्षको लागि डिप्लोमा दोस्रो वर्षको मार्कसिट पेश गर्नुपर्नेछ र उतीर्ण भएको हुनुपर्नेछ । अन्यथा छात्रवृत्ति उपलब्ध हुनेछैन । साथै दोस्रो/तेस्रो वर्षको लागि छात्रवृत्ति प्रयोजनमा वडाको सिफारिस आवश्यक पर्ने छैन । व्यक्तिगत निवेदन, मार्कसिट र अध्ययन गरिरहेको संस्थाको सिफारिस भए हुनेछ ।

७. निम्न अवस्थामा छात्रवृत्ति प्राप्त गर्न ग्राहृय हुने छैन ।

क) जम्मा विद्यालय खुलेको दिनको ८० % हाजिरी नभएमा ।

ख) अध्ययनको सिलसिलामै २० बर्ष कम उमेरमा विवाह गरेमा ।

ग) गलत वा झुटा विवरणहरू भरेको प्रमाणित भएमा ।

घ) नगरपालिका तथा विद्यालय प्रशासनले तोकेको अन्य नियम उल्लघंन गरेको प्रमाणित भएमा ।

## परिच्छेद- ४

### छात्रवृत्ति कोटा रकम तथा रकम निकासा प्रक्रिया

८. यस कार्यविधि बमोजिम उपलब्ध हुने प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति तपसिल अनुसारको वडागत कोटा कायम गरी उपलब्ध गराइनेछ । तर कुनै वडामा कोटा अनुसार छात्रा उपलब्ध नभएमा नगरपालिका भित्रको अन्य वडाको छात्रालाई प्रदान गरिनेछ । सोका लागि वडा शिक्षा समितिले एक मुख्य र एक वैकल्पिक छात्राको सिफारिस गर्नुपर्नेछ ।

| क्र.स. | छात्रवृत्तिको विवरण | छात्रवृत्ति प्राप्त गर्ने छात्रा संख्या | | छात्रवृत्ति प्राप्त गर्ने नगरपालिकाका जम्मा छात्रा |
|---|---|---|---|---|
| | | प्रति वडा | नगरपालिका जम्मा | |
| १ | कृषि/पशु/विज्ञान/आयुर्वेद/ इन्जिनियरिङ्ग/नापी/पारामेडिकल | १ | १० | १० |

तोकिए अनुरूप छात्रा सम्बन्धित वडामा नरहेमा अर्को वडाबाट पनि बैकल्पिक उम्मेदवारबाट पनि छनौट गर्न सकिने छ ।

९. यस कार्यविधि बमोजिम उपलब्ध हुने छात्रवृत्ति सम्बन्धित प्रति छात्रा अधिकतम वार्षिक रू. ३०,०००।- (तीस हजार) का दरले अध्ययन गरेको शिक्षण संस्थाको खातामा उपलब्ध गराइनेछ ।

१०. छनोट भएका विद्यार्थीहरूलाई बुद्धभूमि नगरपालिकाबाट उपलब्ध हुने छात्रवृत्ति रकम निजहरूले अध्ययन गरिरहेका प्राविधिक शिक्षालयबाट प्राप्त निजहरूको अध्ययन प्रगति प्रतिवेदनको आधारमा बार्षिक रूपमा सोही शिक्षालयको खातामा पठाइनेछ ।

## परिच्छेद- ५

**छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धि व्यवस्था ।**

११. नगरपालिकाबाट वितरण गरिने छात्रवृत्तिको छात्रवृत्ति कार्यक्रमको समन्वय सहजीकरण गर्न देहायको समिति गठन गरिनेछ ।

क) नगर शिक्षा समितिको संयोजक - संयोजक

ख) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य

घ) कार्षपालिका सदस्य मध्ये महिला सदस्य एक जना सदस्य

ङ) नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य -सचिव

१२. बुँदा नं. ११ मा उल्लेखित समितिले आवश्यकता परेको खण्डमा उल्लेखित छात्रवृत्ति संग सम्बन्धित विषयमा अनुभव भएको विज्ञहरूमध्येबाट २ जना सम्म आमन्त्रित

सदस्यको रूपमा आमन्त्रण गर्न सकिनेछ ।

१३. बुँदा नं. ११ बमोजिम गठन भएको समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

१४. छात्रवृत्ति वितरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) यस छात्रवृत्ति वितरण कार्यविधिको अधिनमा रहि लक्षित समूहका विद्यार्थीहरूबाट दरखास्त आह्वानको सूचना प्रकाशन पश्चात् सम्बन्धित इच्छुक छात्राले सूचना आह्वान भएको १५ दिन भित्र आ-आफ्नो वडामा अभिभावक र आफ्नो नागरिकताको प्रतिलिपि , बसाई -सराई गरेको भए सो को निस्सा , SEE को मार्क सिट र चारित्रिक प्रमाण पत्रको प्रतिलिपि सहित निवेदन पेश गर्नु पर्नेछ । निवेदनको शुल्क लाग्नेछैन ।

ख) छात्रवृत्ति वितरणका लागि आवश्यक बजेटको व्यवस्था गर्न कार्यपालिकालाई सिफारिस गर्ने ।

ग) छात्रवृत्तिको सम्बन्धमा प्राविधिक शिक्षालयहरू सँग समन्वय गर्ने ।

घ) सम्बन्धित वडा कार्यालयमा निवेदन नपरेको/सिफारिस नभएको बखत अन्यत्र वडा बाट मुख्य र वैकल्पिक गरि आएकोमा अवस्था हेरी अन्य वडाको वैकल्पिकलाई पनि छात्रवृत्ति उपलब्ध गराउन सिफारिस गर्नेछ ।

१५. छात्रवृत्ति वितरण सम्वन्धि कुनै बिवाद वा अन्य कुनै प्राविधिक समस्या उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## अनुसूची १

## प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति आवेदन फारामको ढाँचा

मिति........................

श्रीमान् संयोजक ज्यू
वडा शिक्षा समिति
बुद्धभूमि नगरपालिका, कपिलवस्तु।

विषय :- प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति उपलब्ध गराई पाउँ।

प्रस्तुत विषयमा तहाँ नगरपालिकाबाट मिति...................................... प्रकाशित प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धि सूचना बमोजिम कपिलवस्तु बुद्धभूमि नगरपालिका वडा नं. ............ मा स्थायी निवासी .........................को नातिनी .......... ......................... तथा ...........................को छोरी म निवेदक ............................. ले ............................विद्यालयमा ............................ विषय लिइ ३ वर्षे डिप्लोमा तहको प्राविधिक शिक्षा अध्ययन गरिरहेको थारू/मधेशी/अत्यन्त न्यून आर्थिक अवस्था रहेको साथै जेहेन्दार/बाल-विवाह नगरेको विद्यार्थी समेत भएकोले तहाँ नगरपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति पाउँ भनि श्रीमान् समक्ष यो निवेदन पेश गर्दछु। सूचनामा माग भए बमोजिमका कागजातहरू प्रमाणित गरी यसै निवेदन साथ संलग्न

राखी पेश गरेको छु ।

क) अभिभावक तथा सम्बन्धित छात्राको नागरिकताको प्रतिलिपि ।

ख) SEE को लब्धांक पत्र/ चारित्रिक प्रमाण पत्र ।

ग) अध्ययन गरिरहेको शिक्षालयको सिफारिस वा आधिकारिक परिचय पत्रको प्रतिलिपि ।

निवेदक

नाम थर :- ................................

दस्तखत :- ................................

ठेगाना :- ..................................

अनुसूची २

शिक्षालयको सिफारिस ढाँचा

मिति .....................

श्रीमान् संयोजक ज्यू
छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन समिति
बुद्धभूमि नगरपालिका,कपिलवस्तु ।

विषय :- सिफारिस सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ नगरपालिकाबाट मिति................................प्रकाशित प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धी सूचना बमोजिम......................वडा नं........मा स्थायी निवासी .........................को नातिनी..........................तथा ......................को छोरी..........................ले ................................विद्यालयमा ..............................विषय लिइ .................तहको प्राविधिक शिक्षा अध्ययन गरिरहेको थारू/मधेशी/अत्यन्त न्यून आर्थिक अवस्था रहेको जेहेन्दार विद्यार्थी छात्रा भएकोले तहाँ नगरपालिकाबाट उपलब्ध हुने प्राविधिक शिक्षा अध्ययन छात्रवृत्तिको लागि वडा शिक्षा समितिको सिफारिस समेत यसै साथ संलग्न राखि मुख्य एक जना र वैकल्पिक एक जना सहित सिफारिस गरेको छु ।

सिफारिस गर्नेको

नाम थर :- .................................

पद :- ....................................

दस्तखत :- ..................................

आज्ञाले

अनिल पौडेल

प्रमुख प्रशासकीय अधिकृत

# मर्मत सम्भार कोष स्थापना सञ्चालन र उपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि-२०७८

कार्यपालिकाबाट पारित मिति २०७८।०२।२१

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को ७ बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्र सिचाई, खानेपानी, विद्युत, स्वास्थ्य, शिक्षा, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, उर्जा जस्ता विषयहरूमा संघीय/प्रादेशिक नीति मार्गदर्शन अनुरूप र दफा ११ (१) बमोजिम एकल अधिकारको सूचीका मर्मत जन्य क्षेत्रहरू स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू, शिक्षा, स्वास्थ्य र सरसफाईजन्य पूर्वाधारहरू, स्थानीय बजार व्यवस्थापन, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाई जस्ता क्षेत्रहरूको मर्मत कार्य प्रयोजनका लागि चालु आ. व मा सञ्चालित योजनाहरू बाट ०.५ % कट्टागरी मर्मत सम्भार प्रयोजनका लागि नगर सभाबाट थप वा अन्य संघ/संस्था/निकाय/उपभोक्ता/व्यक्तिबाट समेत जम्मा गर्न सकिने गरी एक छुट्टै मर्मत सम्भार कोषको व्यवस्थापन गर्ने प्रयोजनका लागि दफा ११(२) तथा उपदफा(७) बमोजिमका विषयमा व्यवस्था गर्न सोही ऐनको दफा १०२ को उपदफा(२) बमोजिम यो कार्यविधि कार्यपालिकाबाट पारित गरी २०७८ साउन १ गते देखि लागु हुने गरी कोष स्थापना र परिचालन गर्ने निर्णय गरियो ।

## १. परिभाषा :

क) **"मर्मत सम्भार कोष"** भन्नाले चालु आ. ब मा सञ्चालित योजनाबाट ०.५% रकम कट्टा गरी (उपभोक्ताको समेतको) सोही र उस्तै प्रकृतिका योजना/परियोजनाका मर्मत/सम्भार प्रयोजनका लागि रकम कट्टा र आगामी आ. ब मा संकलित तथा थप रकम समेतको अनुमान गरी आकस्मिक तथा नियमित मर्मतका लागि स्थापना गरिएको कोषलाई बुझाउने छ।

ख) **"कार्यविधि"** भन्नाले मर्मत सम्भार कोष स्थापना, सञ्चालन र उपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधिलाई जनाउने छ।

ग) **"मर्मत सम्भार अवधि"** मर्मत सम्भार अवधि भन्नाले अघिल्लो वा सो भन्दा एक आ. ब अघि निमित संरचनाहरूको विपदका कारणले (बाढी, पहिरो, भूक्षय) वा अन्य प्राकृतिक कारणले क्षति पुर्‍याएको भनि वडा कार्यालयबाट विपद् वा प्राकृतिक कारणले क्षति पुगेको भनि यकिन भई आएको हकमा प्राविधिक रूपमा क्षतिको यर्थाथ यकिन गरी पेश भएपछि आकस्मिक र नियमित रूपमा साउन १ देखि पुष मसान्त सम्म मर्मत गर्ने कार्यलाई जनाउने छ।

दुबै कान देखिने हाल साले खिचेको पासपोर्ट साइजको रंगिन फोटो

घ) **"जिम्मेवारी शाखा"** भन्नाले पूर्वाधार जन्य क्षति र सोको मर्मत प्रयोजनको लागि पूर्वाधार शाखा जिम्मा हुनेछ।

ङ) **"रकम सिमा"** मर्मत सम्भार प्रयोजनका लागि एउटा योजनाको हकमा अधिकतम सिमा ३ लाख सम्मको रहनेछ र मर्मत कार्य अमानत/कोटेशन वा उपभोक्ता बाट अवस्था गरी पूर्वाधार शाखाले गर्नेछ ।

## २. मर्मत सम्भार अवधि, सिमा र जिम्मेवारी

मर्मत सम्भारको अवधि साधारण तथा साउन १ देखी पुष मसान्त सम्म रहनेछ , मर्मतका लागि एउटा योजनामा अधिकतम ३ लाख सम्म मात्र खर्च गर्न सकिनेछ सो भन्दा बढीको क्षति भएको अवस्थामा सभाबाट बजेट व्यवस्था गरी(औचित्यको आधारमा) कार्यान्वयन गर्न वाधा पुगेको मानिने छैन र मर्मत कार्य आवश्यकता अनुसार अमानत/कोटेशन/समिति मार्फत गर्ने/गराउने दायित्व सहजीकरण समितिको सिफारिस पूर्वाधार शाखाको रहनेछ।

## ३. मर्मत सम्भार कोष परिचालन सहजीकरण समिति सम्बन्धमा

मर्मत सम्भार गरी साबुत अवस्थामा सञ्चालन गर्न सकिने, अधिकतम हित हुने खालका योजना /परियोजना कार्यहरूको यकिन गरी सिफारिस गर्ने देहाय बमोजिमको समिति रहनेछ उक्त समितिले निर्णय/भएका कार्यहरूको समीक्षा र सुधार र उपयोगी बनाउन हिउँदे अधिवेशनमा छलफल चलाउने छ। उक्त समिति देहाय अनुरूप रहनेछ।

नगर प्रमुख - संयोजक
उप प्रमुख - उप संयोजक
सदस्य - प्रमुख प्रशासकीय अधिकृत
सदस्य - फरक दलबाट प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य
सदस्य सचिव - पूर्वाधार शाखा प्रमुख

उक्त समितिको बैठक हरेक आ. ब भदौ १५ पछि कम्तीमा ३ वाट बस्नेछ र विपद् जन्य क्षतिको यकिन गरि (सडक, खानेपानी, विद्यालय) शाखालाई कार्यान्वयनको जिम्मा दिनेछ।

आर्थिक प्रशासन योजना शाखा प्रमुख तथा पूर्वाधार समिति संयोजकलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिने छ।

**समितिको काम ,कर्तव्य**

क) मर्मत जन्य कार्यहरूको खाका बनाउने।
ख) बजेटको यकिन गर्ने
ग) अमानत/कोटेशन वा समिति कसबाट गर्दा उपयोगी हुने हो विधि यकिन गर्ने।
घ) प्रगति आगामी हिउँदे नगरसभामा पेश गर्ने।

## ४. मर्मत सम्भार कार्यविधि र कोष सञ्चालन

क) मर्मत सम्भार कार्य भन्नाले प्राकृतिक विपद् वा नियमित आकस्मिकताका कारणले सडक ,खानेपानी , स्वास्थ्य ,विद्यालय ,वातावरण जस्ता दफा ११(२) तथा दफा ३ बमोजिमको (संघ/प्रदेश सँग डुप्लिकेशन नहुने गरी) जिम्मेवारीका कार्यहरू लगतै अघिल्लो वा सो भन्दा एक आ. ब अघि सम्म निर्मित भएको संरचनाहरूको मर्मत द्वारा साबुत अवस्थामा सञ्चालन गर्ने प्रयोजनका लागि भदौ १५ (आवश्यकता र औचित्यका आधारमा सो भन्दा अगावै बस्न वाधा परेको मानिने छैन) देखि पुष मसान्त सम्म कार्य गरी सेवा /सुविधाको निर्वाह उपयोग गर्ने कार्य बुझिने र उक्त कार्यका लागि अघिल्लो आ.व का योजनाहरूबाट कट्टा गरिएको ०.५% र थप समेत गरी कार्यक्रम खाका बनाई मर्मत गर्ने कार्य र सोका लागि कोष व्यवस्थापन गर्नु हो।

ख) कोषको सञ्चालन : कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखबाट हुने छ ।विविध शीर्षकको खातामा जम्मा गरी सोही खाता वाट  गर्ने  वा अन्य उपयुक्त विधि अवलम्बन गर्ने जिम्मा पालिकामा रहने छ ।

ग) प्रतिवेदन र  परीक्षण आन्तरिक/बाह्य परीक्षकबाट हुनेछ ।

## ५. सञ्चालन विधि

क) सहजीकरण समितिले  आवश्यकता र औचित्यको आधारमा निर्णय गरी अमानत, कोटेशन वा समिति मार्फत मर्मत जन्य कार्य गरिनेछ । ठेक्का मार्फत निर्माण भएका योजना/परियोजनाको हकमा DLP समयावधि अनिवार्य पुरा भएको हुनुपर्ने छ ।

ख) मर्मत सम्भार समिति सानो र छरितो हुने गरी बढीमा ५ सदस्यीय समावेशी सिद्धान्तको मर्म अनुरूप गर्नुपर्ने छ ।

## ६. संशोधन ,परिमार्जन तथा खारेजी सम्बन्धमा ।

यो कार्यविधिको आवश्यकता र औचित्यताको आधार संशोधन, परिमार्जन वा खारेजी सम्मको अधिकार कार्यपालिकामा निहित रहनेछ ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# बुद्धभूमि नगरपालिका भित्र उत्पादित स्थानीय कृषि / पशु-पन्छी / वन जन्य उत्पादनहरूको प्रवर्द्धन र बजारीकरण निर्देशिका -२०७८

कार्यपालिकाबाट स्वीकृत मिति २०७८।०२।२१

प्रकृतिको अनुपम उपहारको रूपमा रहेको यस बुद्धभूमि नगरपालिका कृषि/पशु-पन्छी/वन जन्य उत्पादनहरूको प्रवर्द्धन र बजारीकरण द्वारा यहाँका नागरिकहरूलाई स्वावलम्बी, आत्मनिर्भर र उत्पादित वस्तुहरूको उचित बजारीकरणमा ध्यान पुर्‍याउने मनसायका साथमा उत्पादनमा आधारित अनुदान तथा बजारीकरणलाई प्रश्रय दिने प्रयोजनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को (ञ) (म) उपदफा ४ को (ङ) अनुरूप कार्यहरू गर्ने प्रयोजनका लागि सोही ऐनको दफा ११ को उपदफा (७) बमोजिमका काम कर्तव्य र अधिकार प्रयोग गर्दा आवश्यकता अनुसार कानुन नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागु गर्न सक्ने भन्ने आधारमा दफा १०२ को उपदफा २ बमोजिम निर्देशिका बनाई कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) निर्देशिकाको नामः- **"बुद्धभूमि नगरपालिका भित्र उत्पादित स्थानीय कृषि / पशु-पन्छी / वन जन्य उत्पादनहरूको प्रवर्द्धन र बजारीकरण निर्देशिका -२०७८"** रहने छ ।

**२. परिषाभाः-** यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा कृषि/पशु-पन्छी/वन जन्य उत्पादनहरूको बढोत्तरी र उक्त उत्पादनहरूको बजारीकरण द्वारा मूल्य श्रृङ्खला कायम गर्दै स्वावलम्बी र आय-आर्जन गर्न नगरवासीलाई अभिप्रेरित गर्ने ।

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) " नगरपालिका" भन्नाले बुद्धभूमि नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) " कार्यालय" भन्नाले नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ) " प्रमुख" भन्नाले बुद्धभूमि नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

ङ) " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत

सम्झनु पर्दछ ।

च) "समिति" भन्नाले बुद्धभूमि नगरपालिकाको यस निर्देशिका बमोजिम गठित हुने समितिलाई सम्झनु पर्दछ ।

**३. उत्पादन तथा बजारीकरणका क्षेत्रहरू:**

**अ. कृषि तर्फ**

क) धान, मकै, गहुँको उत्पादन बढोत्तरीका लागि सिँचाई प्रबन्ध, उन्नत बिऊ प्रबन्ध र यान्त्रिकीकरणमा सहयोग ।

ख) तेलहन, दलहन, तरकारी र फलफूलको उन्नत बिऊ, प्रविधि, माटो परीक्षण द्वारा उत्पादन वृद्धिका गतिविधि सञ्चालन ।

ग) अवस्थाको विश्लेषण गरी बढी सम्भावित र बजार मूल्य उच्च रहेका उत्पादनहरूमा उत्पादनमा आधारित अनुदान प्रणालीको शुरुवात ।

आ. पशु-पन्छी तर्फ

क) बाख्रा, गाई, भैँसी (पाडापाडी समेत) वंगुर, कुखुरा (रैथाने) को उत्पादन र सोको बजारीकरणमा सहयोग, व्यावसायिकता वृद्धिका लागि अनुदानको व्यवस्था गरिने ।

ख) दूधको हकमा सहकारी मार्फत विक्री प्रबन्ध गरेको बखत उत्पादनमा आधारित अनुदान प्रणाली स्थापना गरिने ।

ग) पशु उपचारका लागि नियमित घुम्ती शिविरहरू सञ्चालन गरिने ।

घ) डेरी तथा मासु पसलहरूको सुधारका लागि सहयोग तथा अनुगमन गरी सुधारलाई अभिप्रेरित गरिने छ ।

इ. सामुदायिक वनजन्य उत्पादन तर्फ:

क) सामुदायिक वनजन्य उत्पादनहरू बनकस, पात, कच्चा पदार्थ, जडीबुटी खेतीलाई प्रश्रय दिने ।

ख) ढकिया, टपरी, वनजन्य उत्पादन प्रशोधन द्वारा Value Add हुने प्रकृतिका सामूहिक वा एकल प्रयासलाई व्यवसायीका बनाउन प्रविधि, सीप, पुजी र बजार सम्मको पहुँच सुनिश्चित गर्न सहयोग गर्ने ।

ई. कृषि/पशु/वनजन्य उत्पादनहरूको विविधीकरण ,बजारिकरणजन्य कार्यहरू कोसेली घर, विक्री केन्द्र, हाट बजारको सुधार र आधुनिकिरण ठूला व्यापारिक घरानाहरू/

पसलहरू सँग समन्वय स्थापित गर्न आवश्यकता अनुरूप सहयोग गर्ने कार्य ।

**३. कृषि/ पशु-पन्छी/वनजन्य उत्पादनको बजारीकरण सहजीकरण समिति:**

कृषि/पशु-पन्छी/वनजन्य उत्पादनहरूको उत्पादकत्व अभिवृद्धि द्वारा बजारीकरणमा सहयोग समन्वय गर्न एक सहजीकरण सिफारिस समिति रहने छ ।

- नगर प्रमुख -संयोजक
- दुग्ध जन्य कारोबारमा संलग्न सहकारीका अध्यक्ष/व्यवसायीक मध्ये १ जना -सदस्य
- गैससका प्रतिनिधि १ जना -सदस्य
- मासु व्यवसायीहरू मध्ये १ जना -सदस्य
- उद्योग वाणिज्य संघको प्रतिनिधि १ जना -सदस्य
- वनजन्य उत्पादनहरूको बजारीकरणमा संलग्न व्यवसायी/समूहको प्रतिनिधि १ जना -सदस्य
- ठूला निजी कृषि/पशु-पन्छी/फर्महरूको प्रतिनिधि मध्ये १ जना -सदस्य
- कार्यपालिका सदस्यहरू मध्ये अध्यक्षले तोकेको १ जना - सदस्य
- वाणिज्य हेर्ने शाखा अधिकृत - सदस्य सचिव

**काम, कर्तव्य र अधिकार:**

१. दूध, मासु, अण्डा, तरकारी, फलफूलको बजारीकरणको रणनीतिको सिफारिस गर्ने ।
२. कोसेली घर, विक्री केन्द्र, हाटबजारको सुधार, विस्तारका लागि सिफारिस गर्ने ।
३. किसानहरूले उत्पादनको संकलन, विक्री गर्ने स्थानहरूको निर्माण सुधार, विस्तार र विविधीकरणका लागि सिफारिस ।
४. ठूला व्यापारिक शहर (बुटवल, नेपालगन्ज, दाङ जस्ता) का व्यापारिक फर्म, बजार सँग सम्बन्ध स्थापित गराई विक्री प्रबन्धको चाँजोपाँजो मिलाउन व्यवस्थापकीय समन्वय गर्ने ।
५. हस्तकलाका वस्तुहरू ढकिया, टपरी, जडीबुटी प्रशोधन लगायत उद्योग व्यवसाय गर्न चाहने समूह, व्यक्तिलाई प्रविधि, पुजी, सीपका लागि समन्वय गर्ने ।
६. बजारीकरणलाई प्रश्रय पुग्ने खालका कार्यक्रमहरूको खाका बनाई नगरपालिकालाई सिफारिस गर्ने ।

उक्त समितिको बैठकमा आश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृत, कृषि पशु शाखा

प्रमुख, विज्ञहरूलाई आमन्त्रित गर्न सकिनेछ ।

**४. उत्पादकत्व बढोतरी र बजारीकरणका क्षेत्रहरू:**

क) कृषि जन्य - धान, मकै, गहुँको उत्पादन र उत्पादकत्वको बढोत्तरी गर्दै बजारीकरणको प्रबन्ध मिलाउने ।

ख) तेलहन, दलहन, तरकारी जन्य, फलफूल उत्पादनहरू को विक्री प्रबन्धका लागि शहरका बजारसँग सम्बन्ध स्थापित गर्ने, ढुवानी प्रबन्ध मिलाइदिने ।

ग) मासुजन्य, दुधजन्य उत्पादनलाई प्रश्रय दिन उत्पादनमा आधारित अनुदान तथा बजार खोजीको संस्थागत पहल गर्ने ।

घ) सामुदायिक वनजन्य उत्पादनहरू ढकिया, टपरी, जडीबुटीहरूको प्रशोधन र बजार सँगको आवद्धताको व्यवस्था मिलाउने ।

ङ) कोसेली घर, बिक्री केन्द्र, संकलन केन्द्रहरू स्थापना र विस्तार गर्ने ।

च) हालमा रहेका बजार केन्द्रहरूको आधुनिकिकरण हाटबजार (विक्री केन्द्र) हरुको पूर्वाधार सुधार, विस्तार गर्न सिफारिस गर्ने ।

छ) ठूला बजारका विक्री केन्द्रहरू सँग समन्वय, समझदारी बनाई विक्री प्रबन्ध मिलाउने ।

ज) थप हाट बजारहरू खोल्न खोजी गर्ने ।

झ) सहकारीहरूसँग उत्पादन, उत्पादकत्व तथा बजारीकरणका लागि साझेदारी गर्ने ।

ञ) गै.स.स. हरू सँग बजारीकरणका लागी साझेदारीता, समुदायसँग साझेदारी निर्माण गर्ने ।

ट) बजारीकरणका ठोस आधार खुट्टयाई कार्यान्वयनका लागि नगरपालिकालाई सिफारिस गर्ने ।

आज्ञाले<br>
अनिल पौडेल<br>
प्रमुख प्रशासकीय अधिकृत